**प्रस्ताव तथा निर्णयहरु:**

१. चालु आ.व. ०७७/७८ को असार ९ गते सम्मको यथार्थ आय , व्यय एंव प्रगती प्रतिवेदन सम्वन्धमा,

२. आ.व. ०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा,

३. आर्थिक विधेयक २०७८ सम्बन्धमा,

४. विनियोजन विधेयक २०७८ सम्बन्धमा,

५. आर्थिक वर्ष २०७८/७९ को वार्षिक आय तथा व्यय सम्बन्धमा,

६. कार्यपालिका, नगर शिक्षा समिति, विपद् व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा,

७. करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद सम्बन्धमा,

८. आ.व.०७६/७७ को महालेखा परिक्षकको कार्यलयले पेश गरेको लेखा परिक्षण प्रतिवेदनवाट औंल्याए नियमित गर्ने बेरुजु सम्बन्धमा,

९. आ.व. ०७५/७६ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको बुदा नं ३० सम्बन्धमा

१०.संघबाट प्राप्त समपुरक र विशेष अनुदान रकम सम्बन्धमा

११. आ.व.०७७/७८ को स्विकृत योजना तथा कार्यक्रमको भुक्तानी बाँकीको निरन्तरता सम्बन्धमा

१२. अव्यवस्थित बसोबासी, भुमिहिन दलित एवम् भुमिहन सुकुम्वासीहरुको जग्गा नापँजाँच सम्बन्धमा,

१३.कोल्ड स्टोरको म्याद थप सम्बन्धमा

१४.रकमान्तर सम्बन्धमा,

Scanned with CamScanner

निर्णयहरु:

१. चालु आ.व. ०७७/७८ को असार ९ गते सम्मको सम्पुर्ण आय व्यय एंव प्रगती प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

२. आ.व.०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

३. आर्थिक विधेयक २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

४. विनियोजन विधेयक २०७८ स्वीकृत गर्ने निर्णय गरियों ।

५. आ.व. ०७८/७९ को वार्षिक आय व्यय सम्बन्धमा थप छलफल गर्ने निर्णय गरियो ।

६. मागमा आधारित साना पुर्वाधार कार्यक्रम, मागमा आधारित शिक्षा विकास कार्यक्रम, खेलकुद विकास कार्यक्रम, उपमेयरसंग महिला कार्यक्रम अन्तर्गत कार्यपालिका, नगर शिक्षा समिति, विपद् व्यवस्थापन समिति, नगर प्रमुख, एवं प्रमुख प्रशासकिय अधिकृतबाट भएका निर्णयहरुको स्वीकृति/ अनुमोदन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको कार्यालय, वडा कार्यालय, बर्दिवास अस्पताल, स्वास्थ्य चौकी एवं शहरी स्वास्थ्य क्लिनिकमा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आ.व.०७८/७९ मा पनि निरन्तरता दिइ कामकाजमा खटाउने निर्णय गरियो ।

८. महालेखा परीक्षकको कार्यालयबाट बर्दिबास नगरपालिकाको कार्यालयको अन्तिम लेखा परिक्षण गर्न खटिआएका डोरमुकामबाट आ व ०७६/७७ को अन्तिम लेखापरिक्षणको प्रतिवेदनमा नियमित गर्न तथा बैंक हिसाब मिलान गर्न भनेको शिर्षक तथा विभिन्न कार्यक्रमहरुको बेरुजु रकम उल्लेख भएको हुँदा सो कार्यक्रमहरु उपर नगर सभामा छलफल भई तपशिल बमोजिमका कार्यक्रमहरु अनुमोदन गरी नियमित गर्नु पर्ने बेरुजु रकम रु १६३५५५२४।८२ (एक करोड त्रिसठी लाख पचपन्न हजार पाँच सय २४ रुपैंया ) नियमित गरी महालेखा परिक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

तपशिल

क) बुदाँ नं ५४ मा उल्लेखित टुक्रे खरिद सम्वन्धमा खरिद नियमावली अनुसार १ लाख भन्दा घटिको मालसामान सिधै खरिद गर्ने मिल्ने स्पष्ट व्यवस्था रहेको छ सो ही अनुसार विभिन्न मितिमा कार्यालयको आवश्यकता अनुसार सामान खरिद भएको र १ लाख भन्दा बढी सामानको कोटेशन मार्फत नै खरिद भएकोले नियमित गर्न भनिएको रकम रु ७९८७१०१ नगरसभाबाट अनुमोदन गरी महालेखा परिक्षकको कार्यालयलाई नियमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

ख) बुदाँ नं ५६ मा उल्लेखित वितरण मुखी खर्च सम्बन्धमा नगरपालिकाले स्थानिय सरकारको हैसियत विभिन्न सामाजिक सरोकारका कार्यक्रमहरु समेत सम्बोधन तथा संचालन गर्नु पर्ने दायित्व अन्तर्गत यस कार्यालयबाट खर्च भुक्तानी हुने गरी संचालन भएका तपशिलका कार्यक्रमहरुको खर्च रु ३८९८८८। यस नगरसभाबाट अनुमोदन गरी महालेखा परीक्षकको कार्यालयलाइ नियमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

तपशिलः

१ अन्तरपार्टी महिला संजालः १४९८८८। तिज कार्यक्रम संचालन गर्न

२ बालं संजालका जमुना शाहः ६५००० बाल संजाल कार्यक्रम संचालन

३ दिपक पार्टी प्यालेसः १७५०००। दशै तिहार शुभकामना आदान प्रदान

ग) बुदाँ नं ६० मा उल्लेखित विषयका सम्बन्धमा म्याट्रिक्स खरिद वापत अफरिन इन्टरप्राइजेजलाइ भुलवश भैपरी चालु खर्च शिर्षकबाट रकम भुक्तानी भएकोले नियमित गर्नु पर्ने भनी औंल्याइएको रकम रु ४९४६६४। यस नगरसभाबाट अनुमोदन गरी महालेखा परिक्षकको कार्यालयलाइ नियमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

घ) बुदाँ नं ७८ मा उल्लेखित विषयका सम्बन्धमा नगरपालिकाको पुँजीगत शिर्षकबाट शिक्षक अनुदान भनी भुक्तानी रकमको सम्बन्धमा तपशिलका विद्यालयहरुलाइ भुक्तानी भएको रकम रु १२५००००। यस नगरसभाबाट नियमित गरी महालेखा परिक्षकको कार्यालयलाइ बेरुजु निंयमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

तपशिलः

१ सरस्वती आवि खयरमाराः ५०००००।

२ राष्ट्रिय जनता आबिः २०००००।

३ राष्ट्रिय माध्यमिक विद्यालयः ५५००००।

ङ) बुदाँ नं ८० मा उल्लेखित बुदाँ अनुसार नगरपालिकाले डिप ट्युववेल जल प्रवन्ध समिती वर्दिबास ७ मनहरीपुरलाइ जनसहभागिता बापतको रकम रु ३३९८४३ भुक्तानी गरेकोमा अन्य निकायबाट संचालित योजनामा जनसहभागिताको अंश भुक्तानी दिएको रकम नियमसंगत नदेखिएको भनी औंल्याइएको उक्त रकम नगरसभाबाट नियमित गरी महालेखा परिक्षकको कार्यालयलाइ बेरुजु नियमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

च) बुँदा नं ८३ मा उल्लेखित विषयमा नगरको कृषि विकास बोर्डको निर्णयानुसार यस नगरपालिका अन्तर्गतको तत्कालिन कृषि विकास बोर्डका उपाध्यक्ष मदन अर्याललाइ पारिश्रमिक वापत उपलब्ध गराइएको रकम रु ९६३००। नगरसभाबाट नियमित गरी महालेखा परिक्षकको कार्यालयलाइ बेरुजु नियमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

छ) बुँदा नं १०८ मा उल्लेखित विषयका सम्बन्धमा नगरपालिकाको कार्यालयले ग्रामिण सडक संचालन सुधार आयोजना अन्तर्गत औरही रोड इट्टा भट्टा जनता मा.वि. हुँदै रातो पुल सडक जोड्ने सडकको कालोपत्रे रु ५७९७७२८।८२ को कार्य उपभोक्ता समितिलाइ दिई उपभोक्ता समितिले उक्त कार्यमा मकालु निर्माण सेवालाइ सहभागी गराई प्रिमिक्सको कार्य गराई रु २८७४७२०। भुक्तानी दिएको देखिएकोले उपभोक्ता समितिले नियम बिपरित निर्माण व्यवसायीलाई कार्य दिई नियम विपरित भुक्तानी गरिएको भनी औंल्याइएको

Scanned with CamScanner

विषयमा उपभोक्ता समितिबाट पेश भएको कागजात अनुसार नियमानुसार उपभोक्ता गठन भएको देखिएको वडा भेला सार्वजनिक खर्च परिक्षण प्रतिवेदन वडा कार्यालयबाट कार्य सम्पन्नताको सिफारिश तथा प्राविधिकबाट मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार नै कर रकम कट्टा गरि रकम उपभोक्ता समितिलाइ नै भुक्तानी भएकोले उक्त रकम नगरसभाबाट नियमित गरी महालेखा परिक्षकको कार्यालयलाइ बेरुजु नियमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

ज) बैंक हिसाब मिलान सम्बन्धमा बुदाँ नं ५ मा उल्लेखित विषयको सन्दर्भमा असारको अन्तिममा अन्यन्तै कार्यबोझका कारण फ्रिज हुने संघ तथा प्रदेशको ससर्त अनुदान रकम सम्बन्धमा सम्बन्धित संघिय तथा प्रदेशको खातामा अनुदान फिर्ता रकम दाखिला भइसकेको तर भुलवश सुत्रको सिस्टममा चालु तर्फ रकम रु ३९१०४२३०।३०(ससर्त अनुदान संघ) तथा पुँजीगत शिर्षकबाट रकम रु ८३६१६०।१८(ससर्त अनुदान संघ) र प्रदेश ससर्त अनुदानतर्फ पुँजीगत शिर्षकतर्फ ११७७३७५ निकासा फिर्ता भौचर बनाउन छुट भएको , संघको ससर्त अनुदान तर्फ भुलवश रकम रु ३९६६०४६०।४८ संचित कोष खातामा रकम बढी आम्दानी बाँधिएकोले उक्त रकम घट गर्नु पर्ने र गत आव ०७५/७६ को बढी अल्या रकम २९६०३४६।४८ घट गरि समायोजन भौचर बनाउन छुट भएकोले श्रेस्ता र बैंक अनुसार फरक देखिएको रकम रु.४०१८६९८६।७२ संपरिक्षण गरी बेरुजुबाट हटाउन महालेखा परिक्षकको कार्यालयलाइ अनुरोध गर्ने निर्णय गरियो ।

९ आ.व. ०७५/७६ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको बुदा नं ३० सम्बन्धमा नगरपालिकाले विशेष अनुदानको रुपमा बर्दिबास नगरपालिका भित्रका ५२ वटा सामुदायिक विद्यालयहरुलाइ शुद्ध खानेपानी आपुर्तिको लागि निकासा भएको रकम रु ३ करोड मध्ये विद्यार्थी संख्याको आधारमा १६ वटा विद्यालयलाइ ८ लाखका दरले र ३२ वटा विद्यालयलाइ ४९६८०४ । का दरले गरी मिति २०७६।३।३१ गते रकम २८६९७७२८। निकासा दिइ रोक्का राखिएकोमा हाल सबै विद्यालयले नियमानुसार कोटेशन तथा सिलबन्दी दरभाउपत्र मार्फत सुचना प्रकाशन गरी उक्त मेसिन जडान गरी शुद्ध पिउने पानी उपभोग गरिरहेको साथै पेश भएको संलग्न प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन समितिको प्रतिवेदन अनुसार फुकुवा भएको रकम मध्ये रकम रु २६६५५३२८ कार्यसम्पन्नतांको आधारमा नगरसभाबाट नियमित गरी महालेखा परिक्षकको कार्यालयलाइ नियमित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| श्री रा. सरस्वती मा.वि. कालापानी | 496804 | श्री सेम नेपाल नमुना आ.वि. खोरटोल विजलपुरा | 496804 |
| श्री ने.रा. आ.वि. ढुंग्रे | 496804 | श्री रा.आ.वि. मनहरीपुर फुलबारी टोल | 496804 |
| श्री रा.मा.वि. छोडके खयरमारा | 496804 | श्री जुरीमाई आ.वि. विजलपुरा जुरीटोल | 496804 |
| श्री रा.आ.वि. वरडाँडा४ | 496804 | श्री दुधेश्वरी आ.वि. राजाबास | 496804 |
| श्री ने.रा.आ.वि. दमारभञ्ज्याङ | 496804 | श्री मित्रता आ.वि. खयरमारा | 496804 |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री शिशु कल्याण आ.वि. डिपुटोल | 496804 | श्री जनमुखी आ.वि. डाँडाटोल विजलपुरा | 496804 |
| श्री सरस्वती आ.वि. खयरमारा | 496804 | श्री रा.आ.वि. खजुरिया | 496804 |
| श्री रा.आ.वि. वरडाँडा ५ | 496804 | श्री रा.आ.वि. वर्दिबास | 496804 |
| श्री सेम नेपाल नमुना आ.वि. गढन्ता | 496804 | श्री सरस्वती विद्या मन्दिर आ.वि. बेङ्गखाडी | 496804 |
| श्री रा.आ.वि. भव्सी | 496804 | श्री जनजागृति आ.वि. वर्दिवास | 496804 |
| श्री जनज्योति आ.वि. मनहरीपुर | 496804 | श्री रा.आ.वि. किसाननगर | 496804 |
| श्री लक्ष्मीवास आ.वि. भाङग्रे भ्याउरे | 496804 | श्री देउराली मा.वि. वर्दिवास | 672350 |
| श्री जनएकता आ.वि. किसाननगर | 496804 | श्री लक्ष्मीनारायण ज.मा.वि. खयरमारा | 672350 |
| श्री पञ्चधुरा आ.वि. वर्दिबास | 496804 | श्री नेपाल नारायण आ.वि. चल्की विजलपुरा | 672350 |
| श्री रा.ज.आ.वि. खयरमारा भरतटोल | 496804 | श्री मा.वि. हात्तिलेट | 672350 |
| श्री सरस्वती आ.वि. वेलडाँडा | 496804 | श्री मा.वि. कामीडाँडा | 672350 |
| श्री जनता सुकुम्वासी आ.वि. हात्तिलेट | 496804 | श्री पञ्चधुरा मा.वि. चेरु | 672350 |
| श्री रा.आ.वि. नयाँटोल सतखोली | 496804 | श्री दुर्गा मा.वि. पथलैया वजार | 672350 |
| श्री सरस्वती रा.आ.वि. पर्साहीथाप | 496804 | श्री टुटेश्वरनाथ मा.वि. डिपु | 672350 |
| श्री सहिद विशाल कुमार मालगर्दिस आ.वि. खयरमारा | 496804 | श्री जनजागृत मा.वि. कृष्णपुर | 672350 |
| श्री जनआस्था आ.वि. भक्तिपुर | 496804 | श्री इच्छेश्वर मा.वि. चेरु | 672350 |
| | | श्री रा.आ.वि. प्रेमनगर | 672350 |
| श्री जनता मा.वि. वर्दिबास . | 672350 | श्री जनजागृति मा.वि. पाटु | 672350 |
| श्री ज.मा.वि. डाँडाटोल विजलपुरा | 672350 | जम्मा | २६६५५३२८। |
| श्री जनता मा.वि. गौरीडाँडा | 672350 | | |
| श्री जनहीत नन्दलाल मा.वि. चौलिखा | 672350 | | |

१० यस नगरपालिकालाइ चालु आ.व. ०७७/७८ मा वित्तिय हस्तान्तरण मार्फत कृषि उपजको भण्डारण गृह तथा शित गृहको निर्माणको लागि समपुरक अनुदान वापत रकम रु २ करोड र विशेष अनुदान अन्तर्गत शहिद विशाल कुमार आधारभुत विद्यालय निर्माणको लागि १करोड २५ लाख र आधुनिक फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको लागि १ करोड ५० लाख प्राप्त भएकोमा शहिद विशाल कुमार विद्यालय निर्माण र आधुनिक फोहोरमैला व्यवस्थापन केन्द निर्माणको लागि इ बिडिङ्ग मार्फत ठेक्का प्रक्रियमा गइसकेको र कृषि उपज

Scanned with CamScanner

भण्डारण गृह तथा शित गृह निर्माणाधिन अवस्थामा रहेकोले आर्थिक दायित्व सिर्जना भइसकेको अवस्थामा रकम फ्रिज गर्दा सो कार्यक्रम नै प्रभावित हुने देखिएकोले उक्त रकम नगरपालिकाको संचितकोष खाता राखी नियमानुसार खर्च गर्ने निर्णय गरियो ।

११ चालु आ.व. ०७७/७८ को लागि स्विकृत योजना तथा कार्यक्रमहरु सम्झौता भइ कार्य संचालन भएकोमा योजनाहरु असार मसान्त सम्म पनि कार्य सम्पन्न हुन नसकी भुक्तानी हुन नसकेको खण्डमा आगामी आ वर्षमा उक्त योजना तथा कार्यक्रमहरुको आर्थिक दायित्व सारी निरन्तरता दिइ रकम भुक्तानी गर्ने निर्णय ग ।

१२ अव्यवस्थित बसोबासी, भुमिहिन दलित एंवम् भुमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन लगत संक भइ जग्गा नाँपजाँच कार्य परामर्श मार्फत सुरु गरिएकोमा पुर्वानुमान भन्दा अत्याधिक मात्रामा वढी कार्यसम्प गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐनको परामर्शबाट थप कार्य गर्न प्रक्रियागत व्यवस्थाले लामो समय ल र उक्त कार्य यथासिघ्र सम्पादन गर्नु पर्ने जनदवाव भएकोले हाल नापजाँच कार्यमा संलग्न र थप जनशक्ति ज्यालादारीमा तथा आवश्यक मेसिन भाँडामा लिई वाकी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

१३ कोल्ड स्टोरको म्याद थप ३ महिनाको लागि थप गर्ने निर्णय गरियो ।

१४. आ.व.०७७/७८ स्वीकृत वार्षिक कार्यक्रम अनुसार पुँजिगत शिर्षक अन्तर्गत कृषि तर्फको बजेट उपशि को सिँचाइ इनार निर्माण शिर्षकमा रकम अपुग हुने देखिएकोले सो शिर्षकमा सिँचाइ डिप बोरिङ्ग वडा २,४,५,६,७,८,९,१२ र १३ शिर्षकमा विनियोजित रकमबाट रु ९० लाख रुपैया रकमान्तर गर्ने निर्णय गरि ।

Scanned with CamScanner